# राष्ट्रिय मानव अधिकार आयोग

केन्द्रीय कार्यालय, पुल्चोक, ललितपुर

## सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम प्रकाशित त्रैमासिक कार्यसम्पादन विवरण

**(२०८३ वैशाख १ गतेदेखि २०८३ असार मसान्तसम्म केन्द्रीय कार्यालयबाट सम्पादन गरिएका प्रमुख क्रियाकलापहरू)**

प्रकाशन गर्ने


दुर्गा पोखरेल
सहायक सूचना अधिकारी

पवन कुमार भट्ट
सूचना अधिकारी

# १. आयोगको स्वरूप र प्रकृति

मानव अधिकार आयोग ऐन, २०५३ बमोजिम २०५७ जेठ १३ मा स्थापना भएको राष्ट्रिय मानव अधिकार आयोगले नेपालको अन्तरिम संविधान, २०६३ बाट संवैधानिक हैसियत प्राप्त गरेको हो । नेपालको वर्तमान संविधानले समेत आयोगलाई संवैधानिक हैसियत प्रदान गरेको छ । नेपालको संविधानको धारा २४८ र २४९ मा राष्ट्रिय मानव अधिकार आयोगसम्बन्धी व्यवस्था रहेको छ ।
नेपालको संविधानको धारा २४८ अनुसार आयोगमा अध्यक्ष र ४ जना सदस्य रहने व्यवस्था छ । राष्ट्रपतिबाट संवैधानिक परिषद्को सिफारिसमा नियुक्त हुने अध्यक्ष र सदस्यको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुन्छ । राष्ट्रिय मानव अधिकार आयोग एक स्वक्रियाशील तथा पीडितमुखी संस्था हो। आयोगका सम्पूर्ण क्रियाकलापहरू मानव अधिकारको संरक्षण र संवर्धनसँग सम्बन्धित हुन्छन्। मानव अधिकारको संरक्षण र संवर्धनका लागि आयोगले सरकार, राज्यका अन्य अङ्गहरू तथा नागरिक समाजसँग सहकार्य गर्दछ ।

# २. आयोगको काम, कर्तव्य र अधिकार

मानव अधिकारको संरक्षण र संवर्धन आयोगको प्रमुख कार्य हो । नेपालको संविधानको धारा २४९ मा आयोगको काम, कर्तव्य र अधिकार उल्लेख गरिएको छ । यस्तै राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ४ मा समेत आयोगका काम, कर्तव्य र अधिकारको उल्लेख गरी उक्त कुरालाई थप स्पष्ट गरिएको छ । नेपालको संविधानको धारा २४९ मा उल्लेख भएअनुसार आयोगको काम, कर्तव्य र अधिकार देहायबमोजिम रहेको छ :

(१) मानव अधिकारको सम्मान, संरक्षण र संवर्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु राष्ट्रिय मानव अधिकार आयोगको कर्तव्य हुनेछ ।

(२) उपधारा १ मा उल्लिखित कर्तव्य पूरा गर्न लागि राष्ट्रिय मानव अधिकार आयोगले देहाय बमोजिमका काम गर्नेछ

(क) कुनै व्यक्ति वा समूहको मानव अधिकार उल्लङ्घन वा त्यसको दुरूत्साहन भएकोमा पीडित आफैं वा निजको तर्फबाट कसैले आयोगसमक्ष प्रस्तुत वा प्रेषित गरेको निवेदन वा उजुरी वा कुनै स्रोतबाट आयोगलाई प्राप्त भएको वा आयोगको जानकारीमा आएको विषयमा छानबिन तथा अनुसन्धान गरी दोषी उपर कारबाही गर्न सिफारिस गर्ने,

(ख) मानव अधिकारको उल्लङ्घन हुनबाट रोक्ने जिम्मेवारी वा कर्तव्य भएको पदाधिकारीले आफ्नो जिम्मेवारी पूरा नगरेमा वा कर्तव्य पालन नगरेमा वा जिम्मेवारी पूरा गर्न वा कर्तव्य पालन गर्न उदासीनता देखाएमा त्यस्तो पदाधिकारीउपर विभागीय कारबाही गर्न सम्बन्धित अधिकारी समक्ष सिफारिस गर्ने,

(ग) मानव अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरूद्ध मुद्दा चलाउनु पर्ने आवश्यकता भएमा कानूनबमोजिम अदालतमा मुद्दा दायर गर्न सिफारिस गर्ने,

(घ) मानव अधिकारको चेतना अभिवृद्धि गर्न नागरिक समाजसँग समन्वय र सहकार्य गर्ने,

(ङ) मानव अधिकारको उल्लङ्घनकर्तालाई विभागीय कारबाही तथा सजाय गर्न कारण र आधार खुलाई सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने,

(च) मानव अधिकारसँग सम्बन्धित कानूनको आवधिक रूपमा पुनरावलोकन गर्ने तथा त्यसमा गर्नु पर्ने सुधार तथा संशोधनका सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(छ) मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि वा सम्झौताको नेपाल पक्ष बन्नु पर्ने भएमा त्यसको कारणसहित नेपाल सरकारलाई सिफारिस गर्ने र नेपाल पक्ष बनिसकेका सन्धि वा सम्झौताको कार्यान्वयन भए वा नभएको अनुगमन गरी कार्यान्वयन नभएको पाइएमा त्यसको कार्यान्वयन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ज) मानव अधिकारको उल्लङ्घनका सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले गरेको सिफारिस वा निर्देशन पालन वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम कानूनबमोजिम सार्वजनिक गरी मानव अधिकार उल्लङ्घनकर्ताको रूपमा अभिलेख राख्ने ।

(३) मानव अधिकार आयोगले आफ्नो कार्य सम्पादन गर्दा वा कर्तव्य पालन गर्दा देहायबमोजिमको अधिकार प्रयोग गर्न सक्नेछ :-

(क) कुनै व्यक्तिलाई आयोग समक्ष उपस्थित गराई जानकारी वा बयान लिने वा बकपत्र गराउने, प्रमाण बुझ्ने, दसी-प्रमाण दाखिला गर्न लगाउने सम्बन्धमा अदालतलाई भए सरहको अधिकार प्रयोग गर्ने,

(ख) मानव अधिकारको गम्भीर उल्लङ्घन हुन लागेको वा भइसकेको सूचना आयोगले कुनै किसिमबाट प्राप्त गरेमा कुनै व्यक्ति वा निजको आवास वा कार्यालयमा विनासूचना प्रवेश गर्ने, खानतलासी लिने तथा त्यसरी खानतलासी लिँदा मानव अधिकारको उल्लङ्घनसँग सम्बन्धित लिखत, प्रमाण वा सबुत कब्जामा लिने,

(ग) कुनै व्यक्तिको मानव अधिकार उल्लङ्घन भइरहेको कुरा जानकारी भई तत्काल कारबाही गर्नुपर्ने आवश्यक देखिएमा विनासूचना सरकारी कार्यालय वा अन्य ठाउँमा प्रवेश गर्ने र उद्धार गर्ने,

(घ) मानव अधिकारको उल्लङ्घनबाट पीडितलाई कानूनबमोजिम क्षतिपूर्ति दिन आदेश दिने ।

(४) राष्ट्रिय मानव अधिकार आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार सो आयोगको अध्यक्ष, कुनै सदस्य वा नेपाल सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालन गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

(५) राष्ट्रिय मानव अधिकार आयोगको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि सङ्घीय कानूनबमोजिम हुनेछ ।

## २.१ आयोगका पदाधिकारीहरु

माननीय श्री तप बहादुर मगर -अध्यक्ष
माननीय श्री मिहिर ठाकुर- सदस्य
माननीय श्री मनोज दुवाडी- सदस्य
माननीय डा.लिली थापा- सदस्य

## २.२ आयोगका पदाधिकारीहरुको कार्यविभाजन :

| **मा. श्री तप बहादुर मगर** (अध्यक्ष) | **मा.श्री मिहिर ठाकुर** (सदस्य) | **मा.श्री मनोज दुवाडी** (सदस्य) | **मा.डा. लिली थापा** (सदस्य) |
|---|---|---|---|
| -अर्थ, प्रशासन<br>-संवैधानिक निकाय<br>-दातृ निकाय<br>-अन्तर्राष्ट्रिय सम्बन्ध<br>-कार्य विभाजनमा नपरेका सबै विषय | -युपिआर<br>-दिगो विकास लक्ष्य<br>-रणनितीक योजना र कार्यान्वयन<br>-उपभोक्ता अधिकार<br>-व्यवसाय र मानव अधिकार | -अनुन्धान<br>-सामूहिक अधिकार<br>-सङ्क्रमणकालीन न्याय<br>-सिफारिस कार्यान्वयन कानून पुनरावलोकन र परामर्श<br>-वातावरण सम्बन्धी | -प्रबर्धन,<br>-मानव अधिकार शिक्षा<br>-नागरिक समाजसँगको सहकार्य<br>-सन्धि अनुगमन<br>-सरकारी निकायसँग सम्बन्ध<br>-महिला, बालबालिका र आप्रवासन |

## ३.आयोगमा रहने कर्मचारी सङ्ख्या र कार्य विवरण :

आयोगको केन्द्रीय कार्यालयका अतिरिक्त ७ वटा प्रदेश कार्यालय, ३ वटा प्रदेश शाखा कार्यालय मा गरी जम्मा ३०९ जना कर्मचारीको दरबन्दी रहको छ। दरबन्दी विवरण तथा पदपूर्तिको अवस्था निम्नबमोजिम छ:

| क्र.सं. | श्रेणी/तह | पद | जम्मा दरवन्दी | पदपूर्ति सङ्ख्या |
|---|---|---|---|---|
| १ | विशिष्ट श्रेणी | सचिव | १ | १ |
| २ | रा.प. प्रथम श्रेणी | सहसचिव | ९ | ९ |

| | | | | |
|---|---|---|---|---|
| १ | विशिष्ट श्रेणी | सचिव | १ | १ |
| २ | रा.प. प्रथम श्रेणी | सहसचिव | ९ | ९ |
| ३ | रा.प. द्वितीय श्रेणी | उपसचिव | २० | १९ |
| ४ | रा.प. तृतीय श्रेणी | अधिकृत | १०७ | १०० |
| ५ | सहायक प्रथम | सहायक प्रथम | ५८ | १९ |
| ६ | श्रेणीविहीन | सहायक कर्मचारी (सवारी चालक, सुरक्षा गार्ड, कार्यालय सहयोगी, माली र सरसफाई) | ११४ | ९० |
| जम्मा | | | ३०९ | २३७ |

## आयोगको साङ्गठनिक संरचना

राष्ट्रिय मानव अधिकार आयोगको सबैभन्दा माथिल्लो निकाय ५ जना पदाधिकारी रहेको आयोग हो । जसमा १ अध्यक्ष र ४ सदस्यसहित ५ जना पदाधिकारीहरू रहन्छन् । प्रशासनिक प्रमुखको रुपमा एकजना सचिव रहने, आयोगमा सचिव मातहत ४ वटा विभाग, ७ वटा प्रदेश कार्यालय र ३ वटा प्रदेश शाखा कार्यालय छन् भने विभाग अन्तर्गत १३ वटा महाशाखा रहेका छन् ।

## आयोगका विभागहरू

### १. संरक्षण विभाग

यस विभाग अन्तर्गत अनुसन्धान महाशाखा, अन्तर्राष्ट्रिय सन्धि अनुगमन महाशाखा र कानून महाशाखा रहेका छन्।

### २. संबर्धन विभाग

यस विभाग अन्तर्गत संबर्धन महाशाखा, सामूहिक अधिकार महाशाखा र लैङ्गिक तथा सामाजिक समावेशीकरण महाशाखा रहेका छन् ।

## ३. प्रशासन, योजना तथा अर्थ विभाग

यस विभाग अन्तर्गत योजना, नीति तथा आन्तरिक मूल्याङ्कन महाशाखा, प्रशासन महाशाखा र आर्थिक प्रशासन महाशाखा र अन्तर्राष्ट्रिय सम्बन्ध महाशाखा रहेका छन् ।

## ४. समन्वय विभाग

यस विभाग अन्तर्गत वैठक समन्वय महाशाखा, प्रदेश कार्यालय समन्वय महाशाखा, सूचना सञ्चार, प्रविधि, प्रतिवेदन, प्राज्ञिक अनुसन्धान तथा प्रकाशन महाशाखा रहेका छन् ।

# (अ) महाशाखाहरुले सम्पादन गर्ने कार्यहरू :

## (क) कानून महाशाखा

- कानून पुनरावलोकनसम्बन्धी कार्य गर्ने,
- मानव अधिकारसम्बन्धी महत्वपूर्ण निर्णय प्रकाशन गर्ने
- आयोगलाई विपक्षी बनाई दर्ता भएका मुद्दामा बहस-पैरवी गर्ने,
- आवश्यक कानूनी मस्यौदा तयार गर्ने,
- कानूनी परामर्श प्रदान गर्ने,
- आयोगले तोकेका कानूनसम्बन्धी अन्य कार्यहरू गर्ने ।

## (ख) अन्तर्राष्ट्रिय सन्धि अनुगमन महाशाखा

- अन्तर्राष्ट्रिय महासन्धि कार्यान्वयन अवस्थाको अनुगमन गर्ने,
- मानव अधिकार राष्ट्रिय कार्ययोजनासम्बन्धी अनुगमन गर्ने,
- विश्वव्यापी आवधिक समीक्षासम्बन्धी अनुगमन गर्ने,
- महासन्धि अनुमोदनको लागि आयोगले गर्ने सिफारिससम्बन्धी कार्य गर्ने,
- राज्यले तयार गरेको State Report उपर सुझाव तयार गर्ने,
- मानव अधिकारको समग्र अवस्थाको अनुगमन गर्ने ।

## (ग) अनुसन्धान महाशाखा

- मानव अधिकार उल्लङ्घनसम्बन्धी उजूरी ग्रहण गर्ने,
- मानव अधिकार उल्लङ्घनका घटनामा अनुसन्धान/अनुगमन गर्ने,
- अनुसन्धान सम्पन्न भइसकेका उजुरीहरु निर्णयार्थ आयोगमा पेश गर्ने,
- निर्णय लेखन गर्ने,
- मानव अधिकार उल्लङ्घनका सम्बन्धमा आयोगको निर्णयबमोजिम पत्राचार/ताकेता गर्ने,
- उजुरी, कारवाहीसम्बन्धी अन्य कार्यहरू गर्ने ।

## (घ) संबर्धन महाशाखा

- मानव अधिकार शिक्षासम्बन्धी कार्यक्रम गर्ने,

- मानव अधिकारसम्बन्धी चेतनामूलक कार्यक्रम  गर्ने,
- मानव अधिकारसम्बन्धी वकालतको कार्य गर्ने,
- मानव अधिकारका विषयमा सूचनामूलक/शिक्षामूलक सामग्रीको निर्माण तथा वितरण गर्ने,
- मानव अधिकारसँग सम्बन्धित सङ्घसंस्थाहरूसँग समन्वय/सहकार्यसम्बन्धी कार्य गर्ने ।

## (ङ) लैङ्गिक तथा सामाजिक समावेशीकरण महाशाखा

- लैङ्गिक तथा समाजिक विभेद हटाउन पहल गर्ने,
- महिलाको मानव अधिकारको अवस्थाबारे बहस पैरवी गर्ने,
- राज्यका हरेक तहमा महिला तथा अन्य सीमान्तीकृत समुदायको सहभागितामा अभिवृद्धि गर्न पहल गर्ने,
- महिला विरूद्ध हुने हिंसा तथा सीमान्तीकृत समुदायको मानव अधिकार हनन् विरूद्धमा कार्य गर्ने,
- महिला र पछाडि पारिएका समुदायको न्यायमा पहुँच वृद्धि गर्ने,
- महिला तथा समाजिक रूपमा पछाडि पारिएका समुदायको क्षेत्रमा काम गर्ने सङ्घसंस्थासँग  सहकार्य समन्वय गर्ने ।

## (च) सामूहिक अधिकार महाशाखा

- सामूहिक अधिकार (आदिवासी जनजाति, अल्पसङ्ख्यक, जेष्ठ नागरिक, जातीय विभेद विरुद्धको अधिकार, मानसिक स्वास्थ्य, लैङ्गिक  तथा यौनिक अल्पसङ्ख्यक, HIV प्रभावित आदि) को प्रबर्धनका लागि गोष्ठी अन्तरक्रिया, छलफल, कार्यशाला तथा प्रशिक्षण गर्ने,
- सामूहिक अधिकारको अवस्थाका सम्बन्धमा अनुगमन गर्ने,
- सामूहिक अधिकारको संरक्षण र संबर्धनका लागि आवश्यक कार्यहरू गर्ने,
- कानून महाशाखासँगको समन्वयमा सामूहिक अधिकारको सुनिश्चितताका लागि कानून पुनरावलोकनसम्बन्धी आवश्यक कार्य गर्ने  ।

## (छ) योजना, नीति तथा आन्तरिक मूल्याङ्कन महाशाखा

- रणनीतिक योजना निर्माण गर्ने,
- वार्षिक कार्यक्रम र योजना तयार गर्ने,
- कार्ययोजना कार्यान्वयन अनुगमन र मूल्याङ्कन  गर्ने,
- चौमासिक प्रगति प्रतिवेदन तयार गर्ने,
- प्रगति समीक्षा कार्यक्रम गर्ने,
- कार्यक्रम र योजनाका सम्बन्धमा योजना आयोग र अर्थ मन्त्रालयसँग समन्वय गर्ने,
- आयोगको नीति तर्जुमा गर्ने ।

## (ज) प्रशासन महाशाखा

- आयोगको जनशक्ति व्यवस्थापनसम्बन्धी कार्य गर्ने,
- कार्यालय व्यवस्थापन र सरसफाइसम्बन्धी कार्य गर्ने, गराउने,
- सार्वजनिक खरिदसम्बन्धी कार्य गर्ने,

- आयोग अन्तर्गतका भौतिक साधनहरूको अनुगमन तथा  निरीक्षण गर्ने र आवश्यकतानुसार मर्मत सम्भार तथा रेखदेख गर्ने, गराउने,
- आयोगको  सवारी व्यवस्थापनसम्बन्धी कार्य गर्ने,
- दैनिक र भैपरी आउने अन्य कामहरू गर्ने ।

## (झ) आर्थिक प्रशासन महाशाखा

- आयोगको  वार्षिक बजेट निर्माण गर्ने,
- बजेट बाँडफाँड तथा अख्तियारी प्रदानसम्बन्धी कार्य गर्ने,
- आर्थिक कारोवारको लेखा राख्ने तथा आर्थिक प्रतिवेदन तयार गर्ने,
- आन्तरिक तथा अन्तिम लेखापरीक्षण र वेरूजु फछ्र्यौंसम्बन्धी कार्य गर्ने,
- दातृ संस्थाबाट आएको बजेटको छुट्टै हिसाव तथा आर्थिक प्रतिवेदन तयार गर्ने,
- आर्थिक अनुशासन कायम गर्ने,
- वित्तीय स्रोत तथा असरसम्बन्धी अभिलेखन गर्ने ।

## (ञ) अन्तर्राष्ट्रिय सम्बन्ध महाशाखा

- अन्तर्राष्ट्रिय सम्बन्धसम्बन्धी काम  गर्ने,
- APF, UN Agencies र मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सङ्घसंस्थासँग समन्वय गर्ने,
- कुटनीतिक नियोगसँग आवश्यक समन्वय गर्ने ।

## (ट) सूचना, सञ्चार प्रविधि, प्रतिवेदन, प्राज्ञिक अनुसन्धान तथा प्रकाशन महाशाखा

- आयोगका सूचनालाई सञ्चार माध्यम समक्ष पु¥याउने,
- प्रेस विज्ञप्ति/प्रेस नोट तयार गर्ने,
- पत्रकार सम्मेलनको तयारी गर्ने,
- मानव अधिकारपत्र सम्पादन गर्ने,
- मानव अधिकारसम्बन्धी समाचारको अनुगमन गर्ने,
- Server System र कम्प्युटर मर्मत गर्ने,
- आयोगका Facebook, Twitter, Website Update गर्ने,
- आयोगका कर्मचारीहरूको विद्युतीय हाजिरीको रेकर्ड राख्ने,
- आयोगका प्रकाशनमा डिजाइन तथा लेआउटका सम्बन्धमा सहयोग गर्ने,
- सूचना प्रविधिसम्बन्धी नीति र योजनाको निर्माण तथा कार्यान्वयन गर्ने,
- CMRS प्रणाली सञ्चालनसम्बन्धी कार्य गर्ने,
- आयोगको वार्षिक प्रतिवेदन तयार गर्ने,
- मानव अधिकारसम्बन्धी विषयगत प्रतिवेदनमा आवश्यक कार्य गर्ने,
- आयोगबाट प्रकाशन हुने अन्य प्रकाशनहरुसम्बन्धी कार्य गर्ने ।

### (ठ) प्रदेश कार्यालय समन्वय महाशाखा

- केन्द्र, प्रदेश तथा प्रदेश शाखा कार्यालयबिच समन्वय गर्ने,
- प्रदेश तथा प्रदेश शाखा कार्यालयको मासिक प्रतिवेदन सङ्कलन र विश्लेषण गर्ने,
- केन्द्र, प्रदेश तथा प्रदेश शाखा कार्यालयबिच कार्य सम्पादनमा सहजता ल्याउन सहयोग पुर्याउने ।

### (ड) वैठक समन्वय महाशाखा

- मानव अधिकार आयोगका सिफारिस कार्यान्वयनका लागि पहल गर्ने,
- आन्तरिक र बाह्य समन्वय गर्ने,
- आयोगको वैठकका प्रस्ताव तथा माइन्यूट तयार गर्न सचिवालयलाई सहयोग गर्ने ।

## ४. आयोगबाट प्रदान गरिने सेवा :

- मानव अधिकारको उल्लङ्घनका सम्बन्धमा उजुरी लिने, अनुसन्धान गर्ने, दोषीलाई कारवाही र पीडितलाई क्षतिपूर्तिका लागि नेपाल सरकारलाई सिफारिस गर्ने,
- मानव अधिकार अवस्थाको अनुगमन गर्ने र अनुगमनबाट देखिएका तथ्यको आधारमा सुधार गर्नुपर्ने पक्षहरूबारे नेपाल सरकारलाई सिफारिस गर्ने,
- तालिम, गोष्ठी, अन्तरक्रियाका माध्यमबाट मानव अधिकार शिक्षा प्रवद्र्धन गर्ने,
- मानव अधिकारसम्बन्धी कानूनहरूको पुनरावलोकन गरी सुधारका लागि सिफारिस गर्ने,
- नेपाल पक्ष भएका मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिहरूको कार्यान्वयन अवस्थाको अनुगमन गरी प्रभावकारी कार्यान्वयका लागि नेपाल सरकारलाई सिफारिस गर्ने,
- मानव अधिकारसम्बन्धी अन्य कार्यहरू गर्ने ।

## ५. आयोगका विभागीय प्रमुख/ महाशाखा प्रमुखहरु

| सि.नं. | विभाग, महाशाखा | प्रमुखको नाम | पद |
|---|---|---|---|
| १ | प्रशासन, योजना तथा अर्थ विभाग | डा. टीकाराम पोखरेल | सहसचिव |
| २ | संरक्षण विभाग | यज्ञप्रसाद अधिकारी | सहसचिव |
| ३ | संबर्धन विभाग | नवराज सापकोटा | सहसचिव |
| ४ | समन्वय विभाग | सम्झना शर्मा | सहसचिव |
| ५ | अनुसन्धान महाशाखा | मञ्जु खतिवडा | उपसचिव |
| ६ | अन्तर्राष्ट्रिय सन्धि अनुगमन महाशाखा | मायादेवी शर्मा | उपसचिव |

| | | | |
|---|---|---|---|
| ७ | सामूहिक अधिकार महाशाखा | लोकनाथ वास्तोला | उपसचिव |
| ८ | योजना, नीति तथा आन्तरिक मूल्याङ्कन महाशाखा | अनिशकुमार पौडेल | उपसचिव |
| ९ | वैठक समन्वय महाशाखा | सोमनाथ सुवेदी | उपसचिव |
| १० | कानून महाशाखा | श्यामबाबु काफ्ले | उपसचिव |
| ११ | लैङ्गिक तथा सामाजिक समावेशीकरण महाशाखा | गीताकुमारी दाहाल | उपसचिव |
| १२ | प्रशासन महाशाखा | सुवोध पोखरेल | उपसचिव |
| १३ | आर्थिक प्रशासन महाशाखा | नारायण बस्नेत | उपसचिव |
| १४ | संबर्धन महाशाखा | सरिता ज्ञवाली | उपसचिव |
| १५ | सूचना, सञ्चार प्रविधि, प्रतिवेदन, प्राज्ञिक अनुसन्धान तथा प्रकाशन महाशाखा | पवनकुमार भट्ट | उपसचिव |
| १६ | अन्तर्राष्ट्रिय सम्बन्ध महाशाखा | कमल थापा क्षेत्री | उपसचिव |
| १७ | प्रदेश कार्यालय समन्वय महाशाखा | मोहनदेव जोशी | उपसचिव |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :

- १० पेजसम्मको सूचना निःशुल्क प्राप्त हुने र सोभन्दा माथि भएमा प्रति पेज रू. ५(पाँच) दस्तुर लाग्ने,
- सूचनाको प्रकृति हेरी बढीमा १५ दिनसम्मको अवधि लाग्ने,
- आयोगका प्रकाशनहरू निःशुल्क वितरण हुने,
- सूचना बाहेक अन्य प्रकृतिका सेवा प्राप्त गर्ने अवधि कामको प्रकृतिअनुसार फरक-फरक हुने ।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारी :

- आयोगमा परेका उजूरीका सम्बन्धमा अनुसन्धानपश्चात् आयोगबाट निर्णय हुने,
- नेपाल सरकारलाई गरिने सिफारिसहरूका सम्बन्धमा आयोगले निर्णय गर्ने,
- नीतिगत विषयमा आयोगबाट र प्रशासनिक तथा आर्थिक विषयमा सचिवबाट निर्णय हुने ।

## ८. निर्णय उपर उजूरी सुन्ने अधिकारी :

- नीतिगत तहमा माननीय अध्यक्ष श्री तप बहादुर मगर
- प्रशासनिक तहमा सचिव श्री मुरारिप्रसाद खरेल

# ९. सम्पादन गरिएका कामको विवरण : (२०८३ वैशाख १ गतेदेखि २०८३ असार मसान्तसम्म)

## ९.१. अनुसन्धानसम्बन्धी कार्यहरू:

- यस अवधिमा केन्द्रीय कार्यालयको उजूरी शाखामा ११ थान उजुरी दर्ता भएका छन्। साथै १०० थान उजूरीहरू आयोगको सम्बन्धित प्रदेश कार्यालयहरू तथा प्रदेश शाखा कार्यालयहरूमा पठाइएको छ।
- आयोगको उजूरी शाखामा विभिन्न माध्यमबाट २५६ वटा सामान्य उजूरी ग्रहण गरि सोको आवश्यकता हेरि विभिन्न निकायमा पत्राचार तथा अन्य कार्य समेत गरिएको।
- यस अवधिमा उजूरीको विषयमा ११ पटक आयोगको बैठक बसी १०६ थान उजूरी पेश भई ७ लाख ५० हजार क्षतिपूर्ति सहित १ नीतिगत सिफारिस, ४० सिफारिस, ५१ तामेली, ३ खारेजी, ३ पुनः पेश गरी १०३ थान फछ्र्यौट भएको छ ।
- प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा सिफारिसका लागि पत्र पठाइएको ।
- उजुरीका ९८ वटा फाइल एकलमा पेश/आदेश गरिएको।
- यस अवधिमा प्रदेश तथा शाखा कार्यालयबाट निर्णयका लागि २४२ वटा फाइल प्राप्त भएका छन्।
- उपत्यका अनुसन्धानमा "हिरासतमा यातना र सुधार गृह" सम्बन्धमा प्राप्त भएको उजूरीको आधारमा अनुगमन गरिएको छ।
- उपत्यका अनुसन्धानमा रहेका २९ वटा उजूरीको बारेमा अनुसन्धान गरिएको छ।
- यस अवधिमा ४८ वटा निर्णय/फैसला लेखन गरिएका छन्।
- अनुसन्धान महाशाखाले समय समयमा सूचना अधिकारीमार्फत आउने पत्र अनुरुपका सूचना खोज्ने र सो अनुरुप जवाफी पत्र तयार पार्ने कार्य गरेको,
- फैसला कार्यान्वयन निर्देशनालयलाई निर्णय तथा सोको कार्यान्वयनका सन्दर्भमा आयोगबाट भएका पहलहरुबारे जानकारी उपलब्ध गराएको |
- मानव अधिकारकर्मीबाट माग भई आए बमोजिम आयोगमा विभिन्न समयमा प्राप्त भएका उजूरीहरुमा आयोगबाट भएका निर्णयहरु संकलन गर्ने कार्य गरेको ।
- अभिलेखालयमा नियमित फाइल अभिलेख गर्ने क्रममा १६ वटा फाइल स्क्यान गरि अभिलेख गरिएको छ।
- मानव अधिकारको सन्दर्भमा प्राप्त भएका विभिन्न डेलिगेसनमा सम्बोधन गरिएको।
- मानव अधिकारको सन्दर्भमा प्रधानमन्त्री कार्यालय, संसद तथा विभिन्न सरकारी निकायका टोलीसँग विफ्रिङ गरिएको ।

## ९.२. अन्तर्राष्ट्रिय सन्धि अनुगमनसम्बन्धी कार्यहरू

## ९.३. संबर्धनात्मक कार्यहरू :

- नेपाली सेना स्वास्थ्य विज्ञान संस्थान अन्तरगत नर्सिङ्ग महाविद्यालयमा स्नातकोत्तर अध्ययनरत विद्यार्थी, जनप्रशासनमा अध्ययनरत विद्यार्थी र नेशनल ल कलेजमा अध्ययनरत ८९ विद्यार्थीहरूलाई मानव अधिकार तथा मानव अधिकार आयोगका सम्बन्धमा अभिमुखीकरण गरिएको।
- काठमाडौं तालीम केन्द्रका प्रशिक्षार्थी र सेयर एण्ड केयर नागरिक समाज संस्थाका पदाधिकारी तथा कर्मचारीका लागि अभिमुखीकरण कार्यक्रम गरिएको। जम्मा सहभागी सङ्ख्या २४ जना रहेको ।
- मानव अधिकार चलचित्रसँगको सहकार्यमा चलचित्रकर्मीहरूका लागि अभिमुखीकरण कार्यक्रम असार ८ गते सम्पन्न गरेको । सहभागी सङ्ख्या महिला २० र पुरुष ४० गरी जम्मा ६५ जना रहेको।
- मानव अधिकार जन्नुपर्ने कुरा सम्बन्धी सोह्रौं परिमार्जित संस्करण प्रकाशन गरिएको। प्रकाशन सङ्ख्या १००० प्रति।
- मानव अधिकारका विभिन्न विषयमा काम गर्नका लागि मानव अधिकार चलचित्र केन्द्र र जि आई जेड नेपालसँग सहकार्य गर्ने गरी निर्णय गरिएको।
- आयोगको केन्द्रीय कार्यालयमा स्थापना गरिएको पोडकाष्ट स्टुडियो सञ्चालनमा ल्याइएको। यस बिचमा माननीय सदस्य डा. लिली थापाको अन्तरवार्ता लिइएको।
- Amnesty International-National Law College Youth Network लाई Zen-Z आन्दोलनका क्रममा भएका मानविय क्षति, सुकुम्बासी समस्या र नेपालको मानव अधिकारको अवस्थाबारेमा अन्तरक्रिया तथा छलफल ।
- आयोगको २६औँ स्थापना दिवसको तयारी र कार्यक्रम सञ्चालन गरेको।
- कोक्याप (COCAP) द्वारा आयोजना गरेको मानव अधिकार रक्षकको सम्मेलनमा मानव अधिकार रक्षकको सुरक्षाको विषयमा प्यानलिष्टको रुपमा महाशाखाबाट १जना कर्मचारी सहभागी भई प्यानलमा बहस गरेको।
- आयोग तथा विभिन्न संघ संस्थाहरूको आयोजनामा सम्पन्न ५ वटा कार्यक्रमहरूमा प्रबर्धन महाशाखाबाट सहभागी भएको।

## ९.४. लैङ्गिक तथा सामाजिक समावेशीकरणसम्बन्धी कार्यहरू:

- एकल महिलासँग सम्बन्धित कानुन तथा नीतिको कार्यान्वयनको अवस्था सम्बन्धी अध्ययनका लागि लुम्बिनी प्रदेशको बाँके, कर्णाली प्रदेशको सुर्खेत र सुदूरपश्चिम प्रदेशको धनगढीमा २०८३ वैशाख

२७ गतेदेखि २०८३ असार २ गतेसम्म एकल महिला लक्षित समूहसँग छलफल गरेको । साथै प्रदेश सरकारका सरोकारवाला मन्त्रालय, कार्यालय, जिल्ला अदालत, कानुन व्यवसायी, स्थानीय पालिकाका प्रतिनिधिसँग मुख्य सूचना दाता अन्तरवार्ता गरि तथ्य, सूचना सङ्कलन गरिएको थियो । उक्त अध्ययनको प्रतिवेदन लेखनको अन्तिम चरणमा पुगेको छ ।

- राष्ट्रिय जाँचबुझको क्रममा मिति २०८३/०२/०५ गते र मिति २०८३/०३/०२ गते मधेश प्रदेश सभाका माननीय सदस्यहरुसँग बालविवाहले मानव अधिकार उपभोगमा पारेको प्रभाव सम्बन्धी परामर्श कार्यक्रम सम्पन्न गरिएको थियो।कार्यक्रममा माननीय सदस्यहरुले महत्त्वपूर्ण राय सुझाव प्रदान गर्नुभएको थियो।
- बालविवाहमा राष्ट्रिय जाँचबुझ गर्ने क्रममा मधेश प्रदेशमा मिति २०८३/०३/०३ गते कलैया उपमहानगरपालिका, बारा र मिति २०८३/०३/०४ गते सखुवानान्कारकट्टी गाँउपालिका, सिराहामा लक्षित समूह छलफल र मूख्य सूचना दातासँग अन्तरवार्ता गरी सचना तथा तथ्याङ्क सङ्कलन गरिएको थियो । मिति२०८३/०३/०५ गते प्रदेश स्तरीय सरोकारवालाको सहभागीतामा प्रदेश स्तरीय परामर्श कार्यक्रम गरि महत्त्वपूर्ण सूचना सङ्कलन गरिएको थियो ।
- बालबिवाहमा राष्ट्रिय जाँचबुझ गर्ने क्रममा लुम्बिनी प्रदेशमा मिति २०८३/०३/२८ गते गुलरिया नगरपालिका, बर्दिया र मिति २०८३/०३/३० गते सुनिलस्मृति गाँउपालिका, रोल्पामा लक्षित समूह छलफल र मूख्य सूचना दातासँग अन्तरवार्ता गरी सूचना तथा तथ्याङ्क सङ्कलन गरिएको थियो । मिति२०८३/०३/३१ गते प्रदेश स्तरीय सरोकारवालाको सहभागितामा प्रदेश स्तरीय परामर्श कार्यक्रम गरि महत्त्वपूर्ण सूचना सङ्कलन गरिएको थियो।

## ९.५ योजना तथा नीतिसम्बन्धी कार्यहरू :

- मिति २०८३ वैशाख ४ गते माननीय मिहिर ठाकुरज्यूसँग आ.ब २०८३/८४ को बजेट सम्बन्धी छलफल भएको।
- मिति २०८३ असार ७ गतेदेखि १५ गतेसम्म आयोगको प्रदेश कार्यालय धनगढी, नेपालगंज र सुर्खेतको अनुगमन टोलीमा खटिएको।
- मिति २०८३ असार ११ गते स्थानीय तहमा मानव अधिकरमुखी पद्धति श्रोत पुस्तक सार्वजनिकीकरण छलफल तथा अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको ।
- मिति २०८३ असार १२ गते छैठौं मानव अधिकार राष्ट्रिय कार्ययोजना मस्यौदा उपर छलफल गरेको।

- मानव अधिकार शोध-पत्रिका संवाहकको २६ औं अंक NepJol entry, press मा final सम्पादन लगायतका कार्य गरेको।
- २०८३/०३/३२ गते वार्षिक प्रगति समीक्षा कार्यक्रममा सहभागी भई आयोगका केन्द्रीय कार्यालय, प्रदेशकार्यालय र प्रदेशशाखा कार्यालयहरूबाट भएका आर्थिक प्रगतिबारे प्रस्तुतिकरण गरेको।
- आयोग तथा विभिन्न संघ संस्थाहरूको आयोजनामा सम्पन्न ८ वटा कार्यक्रमहरूमा योजना महाशाखाको सहभागिता रहेको।

## ९.६ सामूहिक अधिकारसम्बन्धी कार्यहरू :

क) **व्यवसाय र मानव अधिकारसम्बन्धी कार्यहरू**

- व्यवसाय र मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन अवस्थाबारे जानकारी संकलन गर्न संघीय सरकार, सातै प्रदेश तथा ७५३ स्थानीय तहलाई पत्राचार गरिएको।
- प्राप्त विवरणहरूको विश्लेषण गरी कार्यान्वयनको अवस्था, चुनौती तथा सुधार गर्नुपर्ने पक्षहरूको मूल्याङ्कन गरिएको।
- २०८३ असार १० गते काठमाडौंस्थित एभरेष्ट होटलमा "व्यवसाय र मानव अधिकारसम्बन्धी राष्ट्रिय संवाद" आयोजना गरिएको। कार्यक्रममा राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन, उपभोक्ता तथा श्रमिक अधिकार, वातावरणीय संरक्षण, आदिवासी जनजातिको अधिकार तथा जिम्मेवार व्यवसाय प्रवर्द्धनका विषयमा बहुसरोकारवालाबीच छलफल सम्पन्न गरिएको।
- २०८३ वैशाख ३० गते व्यवसाय र मानव अधिकार र सडक दुर्घटना सम्बन्धी अनुसन्धान प्रस्ताव तयार गरेको।
- २०८३ असार १० LAHURNIP को सहकार्यमा व्यवसाय र मानव अधिकार सम्बन्धी राष्ट्रिय सँवाद आयोजना गरेको।

ख) **मानसिक स्वास्थ्यसम्बन्धी कार्यहरू**

- राष्ट्रिय मानव अधिकार आयोगको आयोजना तथा कोशिशको सहकार्यमा मिति२०८३ असार १५ गते आयोगको सभाहलमा "मानसिक स्वास्थ्य समस्याबाट प्रभावित व्यक्तिहरूको समुदायमा आधारित पुनःस्थापना" विषयक परामर्श बैठक आयोजना गरिएको।

- कार्यक्रममा मानसिक स्वास्थ्य सेवा, समुदायमा आधारित पुनःस्थापना, सरोकारवाला निकायबीच समन्वय तथा मानसिक स्वास्थ्यलाई मानव अधिकारको दृष्टिकोणबाट प्रवर्द्धन गर्ने विषयमा छलफल गरिएको।
- मानसिक स्वास्थ्य तथा आत्महत्यासम्बन्धी मानव अधिकार अवस्थाको अध्ययन गर्न अनुसन्धानको अवधारणापत्र (Concept Note) तथा अनुसन्धान प्रस्ताव (Research Proposal) तयार गरिएको।
- अनुसन्धानको उद्देश्य, कार्यविधि, अध्ययन क्षेत्र तथा अपेक्षित नतिजा समेटी अनुसन्धान कार्यका लागि आवश्यक आधारभूत प्रस्ताव तयार गरिएको।

**ग) वातावरणीय अधिकारसम्बन्धी कार्यहरू**

- विपद् व्यवस्थापनमा मानव अधिकार विषयक बहुसरोकारवाला नीतिगत परामर्श बैठक सम्पन्न गरेको।
- भक्तपुर जिल्लाको मध्यपुर ठिमी नगरपालिका २ र ३ स्थित लोकन्थली तथा कौशलटार क्षेत्रमा विगत १० वर्षदेखि ढुङ्गा बालुवा भण्डारणले वायु प्रदुषण, ध्वनी प्रदुषण भएकाले स्वास्थ्यमा असर पारेको भनी प्राप्त उजुरीमाथि पत्राचार गरेको।

**घ) अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी कार्यहरू**

- अपाङ्गता भएका व्यक्तिलाई निशूल्क भर्ना नदिएको भनी प्राप्त उजुरीमाथि पत्राचार गरेको।
- अपाङ्गता भएका कारण रोजगारीबाट निकालिएको भनी प्राप्त उजुरीमाथि पत्राचार गरेको।
- मिति २०८३ असार १७ गते दृष्टिसम्बम्बन्धी अपाङ्गता भएका व्यक्तिहरुले माइतीघर मण्डलामा गरेको आन्दोलनको स्थलगत अनुगमन गरी प्रतिवेदन तयार गरेको।

**ङ) श्रमिकको अधिकारसम्बन्धी कार्यहरू**

- मिति २०८३ वैशाख २५ गते आयोगका सबै कार्यालयका श्रम अधिकार हेर्ने फोकल अधिकृत र केन्द्रीय कार्यालयका  कर्मचारी ILO को समान पारिश्रमिक सम्बन्धी महासन्धि नं. १००, पेशा र रोजगारसम्बन्धी भेदभाव उन्मूलन महासन्धि नं.१११ र कार्यस्थलमा हुने हिंसा र उत्पिडन उन्मूलनसम्बन्धी महासन्धि नं. १९० अन्तर्गत लैङ्गिक समानता र समावेशीकरणमा आयोगको भूमिका अभिवृद्धि सम्बन्धी एक दिने कार्यशाला ILO नेपालसँगको सहकार्यमा सम्पन्न गरेको।
- मिति २०८३ जेठ १९ गते विभिन्न १४ जिल्लाबाट आएका अनौपचारिक क्षेत्रका श्रमिक महिलाहरुले भोगिरहेको समस्या चुनौतीहरुको बारेमा छलफल  तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरेको। साथै, श्रम अधिकारको सन्दर्भमा २ वटा उजुरी उपर परामर्श, छलफल तथा पत्राचार गरिएको।

**च) आदिवासी जनजातिको अधिकारसम्बन्धी कार्यहरू**

- २०८३ असार २५ गते कुसुन्डा समुदायको मावन अधिकार अवस्था अध्ययन प्रतिवेदन सोसेक नेपालसंगको सहकार्यमा ५०० प्रति प्रकाशन गरिएको।
- २०८३ वैशाख २४ गते ज्ञापन पत्र बुझ्ने/बुझाउने र बनकरिया समूदायका व्यक्तिहरसँग छलफल कार्यक्रम सम्पन्न।

**छ) मानव बेचबिखन बिरूद्धको अधिकारसम्बन्धी कार्यहरू**

- मानव बेचबिखन बिरूद्धको अधिकारसम्बन्धी राष्ट्रिय प्रतिवेदन सार्वजनिकीकरण तथा मानव बेचबिखन बिरूद्धको अधिकारको अवस्था सम्बन्धमा मधेश प्रदेशको जनकपुरधाममा मिति २०८३ असार २५ गते छलफल सम्पन्न गरेको ।
- मानव बेचबिखन बिरूद्धको अधिकारका सम्बन्धमा नेपाल सरकार तथा विभिन्न निकायबाट आयोजित ४ वटा कार्यक्रमहरूमा सहभागी भई आयोगको तर्फबाट सम्बोधन गरेको।
- बोक्सीको अरोपमा मलमुत्र खुवाई अमानवीय व्यवहार गरेको, मानसिक स्वास्थ्यको अधिकार, बैदेशिक रोजगारीको क्रममा भएको ठगी लगायतका विभिन्न विषयका उजूरीहरूमा आवश्यक कारबाही प्रक्रिया अगाडि बढाएको ।

**ज) एचआईभी प्रभावित व्यक्तिहरूको अधिकारसम्बन्धी कार्यहरू**

- मिति २०८३/१/२४ गते राष्ट्रिय एचआईभी तथा एडस महासँघ नेपालले कक्षा ७ र ८ को पाठ्यपुस्तकमा एचआईभी सङ्क्रमित मैत्री भाषा सम्बन्धमा गरेको रिसर्च रिपोर्टको फाइन्डीङ्समा सुझाव माग गरेकोले सो अध्ययन गरी सुझावहरु दिएको।
- मिति २०८३/१/३१ गते युवा मानवअधिकार रक्षकहरु सँग छलफल सम्पन्न।
- मिति २०८३/३/१९ गते काठमाडौं युनिभर्सिटीका वायोटेक्नोलोजीका विद्यार्थीहरुसँग एचआईभी सङ्क्रमित गर्भवती महिलाको प्रजनन् स्वास्थ्यको अवस्था, विभेद र लाञ्छनाको अवस्था समेतका सम्वन्धमा छलफल गरिएको ।

**झ) अन्य कार्यहरू**

- मिति २०८३ वैशाख ६ देखि ९ गते सम्म कोशी प्रदेश कार्यालय खोटाङ्गको अनुगमन तथा नीरिक्षण भ्रमणमा खटिएको।

## ९.७ कानूनसम्बन्धी कार्यहरू :

**क) मुद्दा मामिला सम्बन्धी :**

राष्ट्रिय मानव अधिकार आयोगलाई विपक्षी बनाइ आयोगमा म्याद तामेल भएका १७ मुद्दामा लिखित जवाफ, लिखित प्रतिवाद र प्रतिउत्तरपत्र दर्ता, एक बहस नोट पेश र ५ वटा मुद्दामा बहस पैरवी गरेकोमा एक मुद्दामा फैसला भएको ।

**ख) कानूनी राय सम्बन्धी :**

अदालतको फैसला कार्यान्वयन, कर्मचारीको सेवा सुविधा र प्रजनन् स्वास्थ्यको अधिकार सम्बन्धी ऐन, २०७५ संशोधान सम्बन्धमा तीन वटा कानुनी राय पेश गरेको ।

**ग) मानव अधिकार सम्बन्धी महत्त्वपूर्ण निर्णय प्रकाशन**

मानव अधिकारसम्बन्धी महत्त्वपूर्ण निर्णयहरूको प्रकाशन अङ्क ६ सम्म प्रकाशन भई मिति २०७७ देखि स्थगित भएकोमा यस महिनामा अङ्क ७ प्रकाशन भएको ।

**घ) खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन कार्यान्वयन**

राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा ४ बमोजिम खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन, २०७५ को कार्यान्वयन अवस्था बारेमा अनुगमन गरी सिफारिस पठाउन आयोगमा पेश गरेको ।

**ङ) अदालतको आदेशको कार्यान्वयन**

विकास कार्की विरुद्ध नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, सिंहदरबार समेत भएको उत्प्रेषण समेत मुद्दामा सर्वोच्च अदालतबाट रिट नं. ०८२-WO-१५१२ मा मिति २०८३।३।९ गते भएको आदेश बमोजिम राष्ट्रिय परिक्षा बोर्ड र पठ्यक्रम विकास केन्द्रको भ्रमण गरी अनुगमन प्रतिवेदन तयार गरी सर्वोच्च अदालतमा पेश गरेको छ।

**च) प्रतिवेदन**

यस अवधिमा मासिक प्रतिवेदन तीन, महाशाखाको तेश्रो त्रैमासिक प्रतिवेदन, आवासको अधिकार सम्बन्धी ऐन, २०७५ कार्यान्वयन अवस्था सम्बन्धी अनुगमन प्रतिवेदन, प्रविधिजन्य लैङ्गिक हिंसा तथा बाल विवाहः कानूनी तथा नीतिगत समीक्षा कार्यक्रमको प्रतिवेदन, खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐनको कार्यान्वयन अवस्थाबारे समेतका सात वटा प्रतिवेदन तयार गरिएको छ ।

**छ) कानून सम्पर्क अधिकृत**

आयोगका प्रदेश र प्रदेश सबै शाखा कार्यालयहरूमा कानून विषय हेर्ने गरी सम्पर्क अधिकृतको व्यवस्था भएको,

**ज) पत्राचार**

प्रेस अभिव्यक्ति तथा प्रेस स्वतन्त्रता सम्बन्धी १, सर्वोच्च अदालतको आदेश कार्यान्वयन सम्बन्धी ५, मानव अधिकारका विषय प्राथमिकिकरणका सम्बन्धमा गरिएको आयोगको सुझावको कार्यान्वयनका सम्बन्धमा ३, कानून विषय हर्ने फोकल अधिकृत सम्बन्धी १ सम्बन्धमा सम्बन्धित निकायमा पत्राचार ।

**ञ) आयोगको आन्तरिक तथा वाह्य बैठक/ कार्यक्रममा सहभागिता**

महाशाखाको आन्तरिक वैठक, मानव अधिकारको सन्दर्भमा नेपालको संविधानमा सुधार संशोधनका विषयहरू, सुकुम्बासी समस्या बारेमा आएको डेलिगेसन, सङ्क्रमणकालीन न्याय सम्बन्धमा TJ का दुवै आयोगका कर्मचारीसँगको छलफल, मानसिक स्वास्थ्य समस्याबाट प्रभावित व्यक्तिहरूलाई समाजमा पुन:स्थापना र BHR सम्बन्धी राष्ट्रिय संवाद र प्रविधिजन्य लैङ्गिक हिंसा तथा बाल विवाहः कानूनी तथा नीतिगत समीक्षा, केन्यामा आयोजित Citizen Data in Action: Sharing experiences in strengthening Citizen Data for Inclusive Policy and Global Data Festival, Technology Facilitated Gender Based Violence र Technology Facilitated Child Marriage सम्बन्धमा संसोधन गरिनुपर्ने कानूनहरु प्रतिवेदनको मस्यौदा उपर भएको छलफल र लोकसेवा आयोगद्वारा आयोजित हाजिरीजवाफ प्रतियोगिता लगायत १८ वटा बैठक तथा कार्यक्रमहरूमा सहभागी भएको ।

**ञ) फाइल व्यवस्थापन**

आयोगमा दर्ता भएको उजूरीहरूमा अनुसन्धान महाशाखालाई सहयोग गर्ने सन्दर्भमा ११ वटा उजूरी फाइल आयोगबाट निर्णय गराउँदा ९ वटा उजूरी तामेली भएकोले आवश्यक प्रक्रिया पूरा गरी अभिलेखालयमा बुझाई बाँकी रहेका दुईवटा फाइल अनुसन्धान महाशाखामा नै फिर्ता पठाएको ।

**ट) अन्य**

- नेपाल पत्राकार महासंघबाट भएको पत्राचार बमोजिम सरकारी विज्ञापन निजी मिडियाले प्रशारण गर्न नपाउने सरकारको निर्णयले पत्राकारहरुको हनन हुने अधिकारको विषयमा आकर्षित हुने राष्ट्रिय तथा अर्न्तराष्ट्रिय कानूनको अध्ययन गरेको,
- पालेर्मो आलेख अनुरुप केही प्रचलित ऐनहरूमा पुनरावलोकन गरी परिमार्जन वा संशोधनको लागि नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने कार्यका लागि आवश्यक ऐनहरूको अध्ययन गरेको,
- प्रतिनिधिसभा निर्वाचन २०८२ को अनुगमनका लागि आवश्यक तयारी तथा अन्य कार्यजिम्मेवारी समेतका लागि गठित निर्वाचन कार्यसमिति अन्तर्गत रहि तोकिएको जिम्मेवारी अनुरुप प्रतिवेदन लेखन कार्यमा विचाराधीन मुद्दा तथा सम्पादित नजिर संकलन तथा अध्ययन गरेको,
- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ को पहिलो संशोधन मस्यौदाउपर सुझाव पेश गर्ने सम्बन्धमा प्रस्तावित विधेयक तथा अन्तर्राष्ट्रिय प्रावधानहरूको अध्ययन गरी आवश्यक संशोधनका लागि तीन महले तयार गरी पेश गरेको,
- नेपाल सरकारका सबै मन्त्रालयहरूसँग सम्बन्धित संवैधानिक तथा कानूनी व्यवस्थाको बारेमा नागरिकहरू बिच जनचेतना फैलाउने कार्य सम्बन्धमा वार्षिक कार्ययोजनामा कार्यक्रम समावेश गरी बजेट विनियोजन भए नभएको सम्बन्धी प्रतिवेदन लेखन कार्यका लागि उपलब्ध अन्तराष्ट्रिय प्रावधानहरूको अध्ययन,
- ECNHRC-2 Project को लागि कानूनहरूको पहिचान र पहिचान पछि पुनरावलोकन गर्नुपर्ने कार्यक्रमको विषयमा कानून महाशाखाको अवधारणा पत्र तयार गरेको,

- निर्वाचन समितिमा रही प्रतिनिधिसभा निर्वाचन-२०८२ को प्रतिवेदन तयारीमा निरन्तर सहभागी भएको।
- मानव अधिकार पुरस्कार सम्बन्धी निर्देशिका, २०७६ र फेलोसिप सम्बन्धि कार्यविधि,२०८३ लाई एकीकृत गरी पुरस्कारसम्बन्धी निर्देशिका,२०७६ लाई संशोधनको कार्य भइरहेको,
- कानूनी मस्यौदा सम्बन्धी तालिमको कन्टेन्टका केही विषय थप गरी सम्पादन गरेको,
- ECNHRC-2 Project अन्तर्गत संघीय कानूनको पहिचान तथा पुनरावलोकनका लागि परामर्शकर्ताको लागि Terms of Reference (TOR) तयार गरेको,
- संवैधानिक इजलासमा विचाराधीन मुद्दाको अन्तिम न्यायिक निरूपण नभएसम्म आयोगसँग सम्बन्धित सिफारिस समिति गठन लगायतका प्रक्रिया स्थगन गर्न आयोगले ध्यानाकर्षण गराउनुपर्ने माग सहित प्राप्त निवेदन सम्बन्धमा अध्यक्षज्यू समक्ष पेश गर्ने सम्बन्धमा टिप्पणी तयार गरेको।

## ९.८ बैठक समन्वयसम्बन्धी कार्यहरू:

### माननीय अध्यक्षको सचिवालय

- यस अवधिमा जम्मा १० वटा एजेण्डा बैठक बसी मानव अधिकारका विषयमा निर्णय भएका छन् ।
- जेन्जी आन्दोलनमा भएको मानव अधिकार उल्लघङ्नको सम्बन्धमा आयोगबाट भएको अनुसन्धान सम्पन्न गरी समितिले बुझाएको अनुसन्धान प्रतिवेदनउपर छलफल गर्न आयोगमा २ वटा वैठक भएको ।
- २०८३/२/६ देखि ९ गते आयोगको कोशी प्रदेश शाखा कार्यालय खोटाङ कार्यालय निरिक्षणमा जानु भएको ।
- नेपाल सरकारले थापाथली स्थित सुकुम्बासी बस्ती खाली गर्ने बियषमा आयोगको सम्बन्धित महाशाखा प्रमुख, विभागीय प्रमुख, प्रवक्तासँग अध्यक्षज्यूको कार्यकक्षमा छलफल गरेको।
- २०८३/१/२४ गते मकवानपुरको मनोहरा जङ्गलमा बसोबास गरिरहेका बनकरिया समुदायले आफ्नो अधिकारको संरक्षणको लागि ज्ञापन पत्र बुझाएको आयोगको हलमा।
- आयोगका विभिन्न ४ वटा कार्यक्रमहरूमा अध्यक्षता ग्रहण गर्नुभएको।
- बिरगञ्ज महानगरपालिका मिनाबजार मेनरोड बिस्तारको क्रममा वैशाख ५ गते बेलुका घर तथा सटर खाली गर्ने सूचना टास गरी ६ गते बिहान ५ बजेबाट डोजरले घर भत्काउदा हृदयघात भई ३ जनाको ज्यान गएको र ठूलो सङ्ख्यामा बालबालिका ज्येष्ठ नागरिक हताहत भएको बिषयमा मिति २०८३/१/२९ गते आयोगमा पीडितहरूले अध्यक्षज्यूसँग भेटघाट तथा छलफल गर्नुभएको।
- जेनजी आन्दोलनमा भएको मानव अधिकार उल्लघङ्नको सम्बन्धमा आयोगबाट भएको अनुसन्धान प्रतिवेदन सार्वजनिक गर्न अनुरोध गर्दै विभिन्न मितिमा ३ पटक जेनजी समूहहरूले अध्यक्षज्यूसँग भेटघाट गरेको।
- मिति २०८३/०१/३१ गते युवा मानव अधिकार रक्षकहरुको २०८३ वैशाख १८ र १९ गते सम्पन्न सम्मेलनको घोषणा-पत्र अध्यक्षज्यू समक्ष पेश गरेको।
- मिति २०८३/२/१ गते लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायका लक्ष्मी घलान सिहतको समूहले अध्यक्षज्यूको कार्यकक्षमा भेटघाट तथा छलफल गरेको।

- मिति २०८३/२/५ गते प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको पत्र बमोजिम नेपालको संविधानमा गर्नुपर्ने सुधार तथा संशोधन सम्बन्धमा आयोगको संस्थागत धारणा सहित सात दिनभित्र  लिखित सुझाव माग भई  आएको विषयमा छलफलमा सहभागी हुनुभएको आयोगको सभाहल।
- मिति २०८३/२/२४ गते देखि २०८२ असार ३ गतेसमम कर्णाली प्रदेश कार्यालय सुर्खेत,मुगु, कालिकोट तथा प्रदेश शाखा कार्यालय जुम्लाको निरिक्षण तथा मानव अधिकार अवस्थाबारे छलफलमा सहभागी हुनु भएको।
- मिति २०८३/३/२४ गते कानून न्याय तथा मानवअधिकार समितिको बैठकमा सहभागी हुनुभएको ।
- मिति २०८३/३/३० गते UNPD का Regional Coordinator सहितको टिमसँग अध्यक्षज्यूको कक्षमा भेटघाट तथा छलफल भएको।
- मिति २०८३/३/३० गते पूर्व गृहमन्त्री रमेश लेखकसँग अध्यक्षज्यूको कक्षमा भेटघाट तथा छलफल।
- आयोग तथा अन्य निकायको आयोजनामा सम्पन्न विभिन्न १० वटा कार्यक्रमहरूमा माननीय अध्यक्षज्यूको सहभागिता रहेको ।

**माननीय मनोज दुवाडी**

- विभिन्न मितिमा आयोजित १० वटा एजेण्डा बैठकमा सहभागी हुनुभएको ।
- मिति २०८३/१/०९ गते गोपाल नेपाल सहितको टोलीले माननीयज्यू समक्ष ज्ञापनपत्र बुझाएको साथै छलफलमा सहभागी हुनुभएको।
- मिति २०८३/१/१५ गते आयोगको सभाहलमा आयोजित नेपालमा दलित समुदायको अधिकारको अवस्था चुनौती र आगामी कार्यदिशा सम्बन्धी छलफल कार्यक्रममा सहभागि हुनुभएको।
- मिति २०८३/१/१६ गते पत्रकार महासघका पदाधिकारीहरुसँग भएको छलफल कार्यक्रममा सहभागि हुनुभएको ।
- मिति २०८३/१/२५ गते Participate Workshop program  on enhancing National human rights commission role in gender equality and inclusion under ILO conventions c100,c111and c190
- मिति २०८३/२/५ गते मानव अधिकार सम्बन्धी अध्ययन तथा अनुसन्धान बिषयक अभिमुखी कार्यक्रममा सहभागि हुनुभएको।
- मिति २०८३/२/६ गते आयोगमा सम्पन्न भएको संविधान संशोधनका लागि सुझाव सङ्कलन गर्ने कार्यक्रममा सहभागि हुनुभएको।
- मिति २०८३/३/१७ गते सङ्क्रमणकालिन न्यायको सन्दर्भमा नागरिक सकाजसँग भएको छलफल कार्यक्रममा सहभागि हुनुभएको ।
- मिति २०८३/३/२४ गते सङ्घीय संसद प्रतिनिघिसभा कानून न्याय तथा मानव अधिकार समितिको छैटौं बैठकमा सहभागि हुनुभएको ।

- आयोग तथा अन्य निकायबाट आयोजित अन्य ५ वटा परामर्श गोष्ठी तथा छलफल कार्यक्रमहरूमा सहभागी हुनुभएको।

## ९.९ प्रशासनिक कार्यहरू :

- आयोगको सभाहलमा हुने कार्यक्रमको व्यवस्थापन गर्ने गरेको।
- कर्मचारीहरुको हाजिरी तथा विदाको रेकर्डहरु राख्ने गरेको।
- विभिन्न मर्मत सम्बन्धी कार्यहरु गरेको।
- काजमा रहेका कर्मचारीहरुको पत्र मार्फत सम्बन्धीत कार्यालयमा जानकारी पठाएको।
- मेशिनरी उपकरणहरु कम्प्युटर प्रिन्टर्स आदि मर्मत गरिएको।
- पदाधिकारीहरु तथा कर्मचारीहरुको वैदेशिक भ्रमणको लागि टिप्पणी तयार गर्ने तथा अन्य आवश्यक कार्यहरु गर्ने गरेको।
- आयोगमा सेवा गरी सेवाबाट अलग हुनुभएका ३९ जना कर्मचारीहरुको विदाई तथा धन्यवाद कार्यक्रम सम्पन्न गरेको।
- आयोगका पदाधिकारी तथा कर्मचारीहरुको लागि आवश्यकता अनुसार सवारी साधन, कर्मचारी खटनपटन, निर्देशन वमोजिम पत्र तयारी तथा अन्य लोजिष्टिक सहयोग आदि नियमित गर्ने गरेको।
- राजिनामा पेश गरेका कर्मचारीहरूको सेवा सुविधा तथा उपदानको लागि आवश्यक कागजात तयार गरी लेखामा पेश गर्ने कार्य गरेको।
- आयोगको २६औं बार्षिकोत्सवमा तोकिएको जिम्मेवारीका कार्यहरु गरेको।
- लोक सेवा आयोगबाट सिफारिश भई आएका कर्मचारीहरुलाई नियुक्ति पत्र तथा पदस्थापन गर्ने कार्य गरेको।

## ९.१० सूचना, सञ्चार प्रविधि, प्रतिवेदन, प्राज्ञिक अनुसन्धान तथा प्रकाशनसम्बन्धी कार्यहरू :

### प्रेस विज्ञप्ति/प्रेस नोट

| | विज्ञप्तिको शीर्षक | मिति | |
|---|---|---|---|
| १ | वास्तविक सुकुम्बासीहरूको पहिचान गरी आवश्यक व्यवस्थापन गर | **प्रेस विज्ञप्ति**<br>११ वैशाख, २०८३ | |

| | | | |
|---|---|---|---|
| २ | सुकुम्बासीहरूको अवस्थासम्बन्धी अनुगमन प्रतिवेदन आयोगले नेपाल सरकारलाई पठायो। | **प्रेस न◌ोट**<br>२८ वैशाख, २०८३ | |
| ३ | नेपाल सरकारले प्राथमिकता दिनुपर्ने मानव अधिकारका विषायहरू सरकार समक्ष पेश। | **प्रेस न◌ोट**<br>२९ वैशाख, २०८३ | |
| ४ | नवयुवा (जेनजी) आन्दोलनको अनुसन्धान प्रतिवेदनको सिफारिस नेपाल सरकारलाई। | **प्रेस न◌ोट**<br>१३ जेठ, २०८३ | |
| ५ | स्वच्छ र स्वस्थ वातारणमा बाँच्न पाउने अधिकारको संरक्षण गर। | **प्रेस विज्ञप्ति**<br>२२ जेठ, २०८३ | |
| ६ | आयोगको उच्चस्तरीय टोलीद्वारा मानव अधिकार अवस्था अनुगमन,<br>मानव अधिकारको सुनिश्चित गर्न आयोगको निर्देशन। | **प्रेस विज्ञप्ति**<br>४ असार, २०८३ | |
| ७ | यातना पीडितहरूको न्यायमा पहुँच सुनिश्चित गर्न आयोगको निर्देशन। | **प्रेस विज्ञप्ति**<br>१२ असार, २०८३ | |
| ८ | राष्ट्रिय स्वतन्त्र पार्टीलाई पत्राचार। | **प्रेस न◌ोट**<br>१७ असार, २०८३ | |
| ९ | सुकुम्बासीहरूको जीवन, स्वतन्त्रता, समानता र मर्यादाको सम्मान गर। | **प्रेस विज्ञप्ति**<br>२५ असार, २०८३ | |

- संवाहक २६औं अङ्क प्रकाशन गरेको ।
- संवाहक समीक्षा कार्यक्रम मिति २०८३ असार १६ गते सम्पन्न गरेको। कार्यक्रममा संवाहकका लेखक, पत्रकार, पौरस्त्य दर्शनका क्षेत्रमा अनुभवी व्यक्तिहरू, जर्नल प्रकाशनमा संलग्न हुनुभएका नेपाल सरकारका विभिन्न निकायका पदाधिकारी तथा कर्मचारीहरू, नेपाल संस्कृत विश्वविद्यालय, वाल्मिकी क्याम्पसका प्राध्यापकहरू, आयोगका पदाधिकारी तथा कर्मचारीहरु गरी जम्मा ६२ जनाको सहभागिता रहेको थियो।
- संवाहकका लेखकहरु र समकक्षी समीक्षकहरुको पारिश्रमिक भुक्तानिका आवश्यक कार्यहरू गरेको।
- सूचनाको हक प्रयोग गरी प्राप्त निवेदनहरुमा सूचना उपलब्ध गराइएको।
- मानव अधिकार पत्र नियमितरुपमा प्रकाशन भइरहेको ।
- NAS storage खरिद गर्न आवश्यक कार्य गरेको र त्यसमा Data transfer गर्ने काम गरेको ।

- Smart Digital Board जडान गरि त्यसमा नियमित कार्यक्रमको जानकारी एवम् मानव अधिकार सम्बन्धी सुचनामूलक सन्देश नियमित प्रसारण गर्ने गरेको ।
- गण्डकी प्रदेश कार्यालय पोखरा, लुम्बिनी प्रदेश कार्यालय बुटवल, लुम्बिनी प्रदेश शाखा कार्यलय नेपालगञ्ज कर्णाली प्रदेश कार्यलय सुर्खेत तथा सुदूरपश्चिम प्रदेश कार्यलय धनगढीमा हाजिरी व्यवस्थापनका लागि हाजिरी मेसिन जडान गरिएको तथा HRMS सम्बन्धी अन्तरक्रिया र तालिम सञ्चालन गरिएको ।
- हाजिरी जडान गरेको कार्यलयमा CMRS System मा File स्थानानतरण समेत गरेको र Fortinet Firewall समेत समबन्धित कार्यलयमा हस्तान्तरण गरेको ।
- DMS development को लागि निर्माणकर्तास्ँग बैठक बसेको र निर्माणसम्बन्धी आवश्यक काम भइरहेको ।
- HRMS Software मा आएका समस्या समाधान गर्न निर्माणकर्तासँग समन्वय गरेको ।
- CMRS सञ्चालनका लागि सम्बन्धित व्यक्ति र कार्यालयमा नियमित सहायता तथा Agenda Meeting मा प्राविधिक सहायता ।
- एकिकृत कार्यलय व्यवस्थापन प्रणाली (GIOMS) सञ्चालनको लागि आवश्यक समन्वय गरि User ID लिग्ने कार्य गरेको ।
- निर्वाचनपश्चात् निर्वाचन प्रतिवेदन लेखनमा प्राविधिक सहायता गरेको। निर्वाचनसम्बन्धी आवश्यक तथ्य सङ्कलनमा सहायता पुर्याएको ।
- केन्द्रीय तथा प्रादेशिक कार्यालयमा नियमित कम्प्युटरसम्बन्धी समस्या समाधान गरेको ।
- आयोगको वेवसाइट तथा सामाजिक सञ्जालमा प्रतिवेदन, मानवअधिकार पत्र, प्रेस विज्ञप्ति, मन्तव्य तथा अन्य प्रकाशन अपलोड गरि Backup गरिएको ।
- वेवसाइट तथा सामाजिक सञ्जालबाट प्राप्त भएका उजुरीहरु सम्बन्धित महाशाखामा पठाएको ।
